Nepali

मावली घरको कार यात्रा

लेखन- डा प्रमोद कुमार तिवारी | चित्राङ्‌कन -आस्था बसुमतारी अनि राधिका बोंद्रे

Stories speak...!

Stories are the heartbeat of life, weaving together the bittersweet moments that shape our existence. They ignite our spirit, empower us to face life's challenges, and guide us through the complexities of the world. From the digital age to women's rights, from nature conservation to the pursuit of livelihood, and from embracing life's trials to exercising our right to vote – these stories illuminate the path to a meaningful life. Stories woven around 'Critical Life Skills' not only entertain but also cultivate wisdom, enhance our reasoning, and teach us the art of making informed and thoughtful decisions. Step into the narrative, reflect deeply, and let the stories lead you forward!

Coordinator: Prof. Usha Sharma, Professor & In-charge, Cell for National Centre for Literacy, NCERT, New Delhi

Writer: Dr. Pramod Kumar Tiwari

Illustrations: Aastha Basumtary, Radhika Bondre

Typography: Gaurav Choudhary, Assistant Professor, Animation & Multimedia Department, BIT Jaipur

Layout: Mohd. Nazim, Designer

Translation: Central Institute of Indian Languages, Mysore

Reviewer: Dr. Meenakshi Khar, Associate Professor, Department of Social Science and Humanities, RIE Ajmer

Guidance: Prof. Nina Sabnani, Animator and Guest Faculty, Department of Design, IIT Hyderabad

Acknowledgements:

Akshay Kumar Dixit, Mentor Teacher, Delhi Administration

Bhawna Khera, Junior Project Fellow, Cell for National Centre for Literacy, NCERT

Dr. Vibhuti Pandya, Head, Animation & Multimedia Department, BIT Jaipur

Gautam Goswami, Assistant Professor, Animation & Multimedia Department, BIT Jaipur

IIT Hyderabad: Dr. Prasad S. Onkar, Associate Professor and Head, Department of Design; Prof. Deepak John Matthew, Professor, Department of Design; Delwyn Jude Remedios, Assistant Professor, Department of Design; Ankita Roy, Assistant Professor, Department of Design; Dr. Mohd. Shahid, Assistant Professor, Department of Design; Dr. Saurav Deori, Assistant Professor, Department of Design; Dr. Shuhita Bhattacharjee, Assistant Professor, Department of Liberal Arts

Mohd. Shah Alam, Senior Consultant (ICT), Cell for National Centre for Literacy, NCERT

Shyam Singh Sushil, Writer

मावली घरको कार यात्रा

लेखन- डा प्रमोद कुमार तिवारी | चित्राङ्कन -आस्था बसुमतारी अनि राधिका बोंद्रे

राष्ट्रीय शैक्षिक अनुसंधान और प्रशिक्षण परिषद्
NATIONAL COUNCIL OF EDUCATIONAL RESEARCH AND TRAINING

आज बिहानैदेखि ऐतराज र बिरमफूल साह्रै उत्साहित थिए। किन कि आज उनीहरू मावली जानेवाला थिए।
ऐतराजलाई त खाली पापा अफिसबाट घर कहिले आउनु हुन्छ भन्ने प्रतीक्षा थियो।
साँझ परेपछि श्रीमान बीरध्वज अफिसबाट घर आए।
चाँडै नै अजीको घर जानको निम्ति ट्याक्सी बन्दोबस्त गरियो।

बिरमफूलले ट्याक्सीमा सबै सामानहरू हाल्न आमालाई सघाइन्।
यता पापाले सम्झाउँदा पनि ऐतराज जिद्दी गर्दै चालकको छेउको सीटमा बस्यो।
अब ट्याक्सी गुड्यो मावली घरतर्फ!

ट्याक्सी घरबाट केही पर पुग्दा बिरमफूलले देखिन् कि ऐतराज र चालक दुवैले सीटको पट्टी बाँधेकाका थिएनन्।
बिरमफूल – ऐतराज तिमीले सीटको पट्टी बाध्नु पर्छ।
ऐतराज– थाहा छ थाहा छ! राजमार्ग पुगेपछि बाँधी हाल्छु नी।
बिरमफूल – काका तपाईँले पनि त वाहन चलाउँदा सीटको पट्टी बाँध्नु पर्छ।
चालकले बिरमफूलको कुरा नसुने झैँ गरे।

त्यतिनै बेला बिरमफूलको नजर वाहनको छेउ हेर्ने ऐनामा पऱ्यो।
बिरमफूल – काका तपाईँ यो फुटेको ऐनामा पछिबाट आइरहेका वाहन कसरी देख्न सक्नु हुन्छ?
चालक – धेरै वर्षदेखि वाहन चलाइरहेको छु। मलाई यो ऐनाको खाँचो छैन।
बिरमफूल – पापा यी चालक काकाले यति लापरवाहीसँग वाहन हाँक्दै छन्। हामी अजीको घर सुरक्षित नै पुग्छौँ त?
पापा – तिमी चिन्ता नगर बिरमफूल। सब ठीक छ।
अहिले वाहन राजमार्गमा आइपुगेको थियो।

ऐतराजले अहिलेसम्म सीटको पट्टी बाँधेको थिएन। उसको सम्पूर्ण ध्यान नै सडकमा गुडिरहेका अन्य वाहनहरूमाथि थियो।
बिरमफूलले एकपल्ट फेरि उसलाई सीटको पट्टी बाँध्नु भनिन्।
ऐतराजले दिक्क मान्दै सीटको पट्टी बाँध्न त बाँध्यो तर त्यसलाई खुकुलो पारेर हातले समातेर बस्यो अनि फेरि बाहिर आउने-जाने वाहनहरूलाई हेर्न थाल्यो।

चालकले बाटोभरि लापरवाहीसँग वाहन हाँक्दै थियो। कहिले उ फोनमा कुरा गर्थ्यो त कहिले गुडिरहेको वाहनको ऐना खोलेर सडकमा गुटखा थुक्थ्यो। बीरध्वज पनि उसको गैर-जिम्मेवारीपूर्ण व्यवहारबाट दिक्क भइसकेका थिए।

बीरध्वजले यसो भन्नु बित्तिकै अगाडिबाट आइरहेको एउटा मोटरसाइकलसँग ट्याक्सी ठोक्किन पुग्यो।
दुर्घटना हुनेबित्तिकै सडकमा मानिसहरू जम्मा भए। भीडभित्रबाट कसैले एम्बुलेन्स पनि बोलाइ हाल्यो।

सीटको पट्टी राम्रोसँग नबाँधेको हुनाले ऐतराजलाई पनि चोट लाग्यो।
उता मोटरसाइकल सवारले पनि चालकसँग क्षतिपूर्ति मागिरहेको थियो।
हेर! तिम्रो लापरवाहीले गर्दा के भयो।
माफ गरिदिनुहोस् महोदय। मबाट गल्ती भयो। मैले ध्यान दिइन।
बिरमफूल ढुक्क थिइन् कि कुनै ठुलो दुर्घटना भएन अनि कसैलाई कुनै गहिरो चोटपटक लागेन।
उनले मनैमन निश्चय गरिन् कि ठुली भएर उसले जब वाहन चलाउन सिक्नेछिन् तब यातायातका सबै नियमहरूको पालना अवश्य गर्नेछिन्।

यातायातका केही नियम

–

1. वाहन चलाउँदा सीटको पट्टी अथवा हेलमेट लगाउनुहोस्
2. निर्धारित गति सीमालाई पार नगर्नुहोस्
3. ट्राफिक सङ्केतको सधैँ पालना गर्नुहोस्
4. आफ्नो छेउ लागेर हिँड्नुहोस्
5. अन्य वाहनहरूबाट सुरक्षित दुरी कायम राख्नुहोस्

6. नशा गरेर वाहन नहाँक्नुहोस्

7. वाहन चलाउँदा मोबाइल फोनको प्रयोग नगर्नुहोस्

8. एम्बुलेन्स अथवा दमकल जस्ता आपातकालीन
   वाहनहरूलाई बाटो दिनुहोस्

9. आफ्नो वाहनको देखरेख नियमित रूपमा गर्नुहोस्

10. मुलसडक, चारदोबाटो, तीनदोबाटो अनि घुम्तीहरूमा
    घुम्दा वाहन विस्तारै हाँक्नुहोस्

सा विद्या या विमुक्तये

CELL FOR NATIONAL CENTRE FOR LITERACY

राष्ट्रीय साक्षरता केंद्र–प्रकोष्ठ















Story Books

Based on Critical Life Skills























राष्ट्रीय शैक्षिक अनुसंधान और प्रशिक्षण परिषद्
NATIONAL COUNCIL OF EDUCATIONAL RESEARCH AND TRAINING